**आत्मनिर्भरताको बाटोमा अपांग महिलाहरू**
अमृत भादगाउँले

पाटन तापाहिटीकी ३६ वर्षीया जिन्की बज्राचार्य दुवै आँखा फिटिक्कै देख्दिनन् । त्रिभुवन विश्वविद्यालयबाट शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेकी बज्राचार्य २०५१ सालदेखि नेपाल अन्धा कल्याण संघमा नायव सुब्बाको पदमा कार्यरत छिन् । त्यहाँ उनी ब्रेल लिपिका किताबहरूको प्रुफ हेर्ने गर्दछिन् ।
उनले मैनबत्ती, चक र प्लाष्टिकका कुर्सी बनाउन जानेकी छिन् । त्यसो त बिहान(बेलुकाको फुर्सदमा हिजोआज पनि विदेश निर्यात गरिने एकरङ्गे स्वीटर बुन्ने काम गरिरहेकी छिन् । त्यस्तै घरमा खाना पकाउनसमेत उनी पछि पर्दिनन् ।
जन्मेको २ वर्षमै विफर रोगका कारण उनले आँखाको ज्योति गुमाएकी हुन् । आँखा नदेखे पनि स्वाभिमानपूर्वक आफ्नै खुट्टामा उभिन पाउँदा उनले गर्व गरिन्( म पनि घरको जिम्मेवार सदस्य हुँ । त्यसैले आफ्नो आम्दानीबाट घर चलाउन सकेको मद्दत गरिरहेकी छु ।
भक्तपुर टौमढी टोलकी ३० वर्षीया लक्ष्मीश्वरी लोहला शारीरिक रूपमा अपांग भए पनि आफ्नै खुट्टामा उभिएकी छिन् । उनी 'पुनःर्स्थापना र विकासको लागि स्रोत केन्द्र' भक्तपुरमा कम्प्युटर अपरेटरको रूपमा काम गरिरहेकी छिन् । जन्मेको १५(१६ महिनाको उमेरमै पोलियो रोगले छोएका कारण उनको कम्मरभन्दा मुन्तिरको भाग लुलो भएको छ । उनी ह्विलचेयरमा बसेर गुड्छिन् । १२ वर्षको उमेरमा स्कुल भर्ना भएको लोहलाले परिवारको न्यानो माया र सद्भाव पाएकीले एसएलसीसम्म अध्ययन गरेकी छिन् । उनको दाहिने हात पनि कमजोर छ ।
काठमाडौं महानगरपालिका वडा नं. ३४ मीनभवनमा उपासना ब्युटीपार्लर खोलेर बसेकी २१ वर्षीया ब्युटीसियन लक्ष्मी श्रेष्ठ पनि आत्मनिर्भर भइसकेकी छिन् । उनको दाहिने खुट्टा छोटो छ । एक वर्षको उमेरमा म्यानेन्जाइटिस भएर खुट्टा छोटो भएको उनले बताइन् ।
उनी बिहान(बेलुका ब्युटीपार्लरमा काम गर्छिन् । दिउँसोचाहिं 'अपांग सरोकार केन्द्र' मा सिलाइ सिकाउँछिन् । उनलाई आफ्नो शारीरिक अपांगताप्रति कुनै हीनता छैन । यद्यपी उनी भन्छिन्( बाटोघाटामो हिंड्दा मान्छेहरूले 'बिचरा !' भन्दा चाहिं नरमाइलो लाग्छ ।
उनको आग्रह छ( घरपरिवारले अपांगता भएका छोराछोरीलाई सबलाङ्गलाईभन्दा बढी माया र हौसला दिनुपर्छ । सहानुभूति र दया देखायो भने उनीहरूमा हीनता जन्मिन्छ । त्यसैले अपांगहरू दयाको होइन मायाको भोका छन् ।
अवसर पाए अपांग महिलाले पनि केही गर्न सक्छन् भन्ने कुरा नेले गाउँ विकास समिति वडा नं. ४ कात्तिके सोलुखुम्बुकी नरकुमारी कार्कीले प्रमाणित गरिदिएकी छिन् । उनको दुवै घुँडामुन्तिरको भाग आगोले डढेको छ । त्यसैले नक्कली खुट्टा राखेर क्रचेस (वैज्ञानिक लौरो) टेकेर हिंडडुल गर्छिन् । १२ वर्षको उमेरसम्म ४ हातखुट्टा टेकेर हिंडेको व्यथा सुनाउने नरकुमार ६ महिनाको उमेरमा घरभित्रको अँगेनामा परेर डढेकी थिइन् । अहिले उनले कोटेश्वर काठमाडौंमा 'नेपाल अपांग महिला उत्पीडित समाज' खोलेकी छिन् । यो समाजबाट करिब तीन सयजना अपांग तथा पीडित महिलाहरूले हस्तकलाको सीपमूलक तालिम पाइसकेको कुरा उन बताउँछिन् ।
धेरै लामो संघर्षपछि आफ्ना सबलाङ्ग लोग्ने लोकबहादुर योञ्जनको सहयोगमा उनले उक्त संस्था खोलेकी हुन् । उनी भन्छिन्( अपांग महिलाको पीडा अपांग महिलाले मात्रै बुझ्छन् ।
विश्व स्वास्थ्य संगठनको एक तथ्यांकअनुसार नेपालमा करिब २४ लाख अपांगहरू छन् । त्यसमा १० लाखभन्दा बढी संख्यामा महिलाहरू रहेका छन् । तर अपांग महिलाहरूले सम्मानजनक जीवन बाँच्न पाइरहेका छैनन् । उनीहरू शिक्षा, स्वास्थ्य, रोजगार सबै क्षेत्रमा पिछडिएका छन् । पढेलेखेका अपांग महिलाहरूले समेत रोजगारी पाउन सकेका छैनन् । नेपालमा सरकारी तथा गैरसरकारी क्षेत्रमा गरी करिब एक सय अपांग महिलाहरू रोजगारीमा रहेको अनुमान गरिएको छ ।
गाउँ(गाउँमा अपांग महिलाहरू आफूले सकेको काममा सघाइरहेका भेटिन्छन् । रोजगारीमा अपांग महिलाहरूलाई हतोत्साही गरिने बताउँदै राष्ट्रिय अपांग महासंघ नेपालकी सचिव रमा ढकाल भन्छिन्( अपांगता भएकै कारण अविश्वास गर्ने चलन छ । कतै ठाउँ दिइहालेमा पनि बढी दुःख दिने र वचन लगाउने गरेका छन् । वास्तवमा अवसर पाएमा अपांगहरूले जस्तोसुकै काम पनि गर्न सक्दछन् । पढ्ने उमेर बितिसकेका महिलाहरूले राज्यबाटै सीपमूलक तालिम पाउनुपर्छ । पढ्ने उमेरकालाई पढाइमा प्रोत्साहित गर्नुपर्छ । त्यस्तै पढेलेखेकाहरूलाई रोजगारीमा प्राथमिकता दिनुपर्थ्यो( रमा भन्छिन् ।
अझै पनि नेपाली समाजमा अपांग भएकाहरूलाई हेर्ने सामाजिक दृष्टिमा परिवर्तन आइसकेको छैन । मान्छे उनीहरूको सबल पक्षभन्दा दुर्बल पक्ष खोजेर निरुत्साहित गर्ने गर्छन् । पुनःर्स्थापना र विकासको लागि स्रोत केन्द्रका निर्देशक सूर्यभक्त प्रजापति भन्छन्( अपांगता पूर्वजन्मको पापको परिणाम हो भन्ने अन्धविश्वास र पर्याप्त जनचेतनाको अभावले गर्दा अपांगहरूप्रति बेवास्ता गरिएको छ । फेरि राज्यसत्ता संचालन गर्नेहरू पनि अपांगताको विषयमा संवेदनशील हुन सकेका छैनन् ।
लक्ष्मीश्वरी लोहला भन्छिन्( "मेरो परिवारले मलाई बाल्यकालदेखि नै माया(ममता नदिएको भए सायद आज मैले परिवारको बोझको रूपमा बाँच्नुपर्थ्यो होला । तर अहिले मेरो कमाइको केही हिस्सा परिवारले पनि उपभोग गर्न पाइरहेका छन् ।"
अपांगहरूको समस्या सबलाङ्ग व्यक्तिहरूको पनि समस्या भएको बताउँदै ब्युटिसियन लक्ष्मी श्रेष्ठले भनिन्( अपांगता कसैलाई चिठी लेखेर आउँदैन । जो(कोही सद्दे व्यक्ति पनि भोलि अपांग बन्न सक्छ । त्यसैले अपांगहरूप्रति मायालु बनौं ।

**सम्पत्तिमा समान अधिकार किन ?**
कमल कोइराला

छोरीहरूलाई पनि छोरासरह समान व्यवहार नगर्नाले देशमा ठूलो नोक्सान भइसकेको छ र अब झन्झन् ठूलो नोक्सान हुँदै जानेछ । कुनै पनि देशको आधा प्रगति रोकेर राष्ट्रको पूरा प्रगति हुन सक्दैन । व्यक्तिगत स्वार्थको लागि देश र समाजको प्रगति रोक्ने काम इतिहासमा शासकहरू, शासक वर्गहरू, धार्मिक अन्धताका संरक्षकहरू तथा सर्वसाधारण मान्छेहरूले समेत गरेका छन् र गर्छन् । ठूला(ठूला प्रजातन्त्रका हिमायतीहरूले समेत स्वास्नीमान्छेहरूलाई मान्छे नै नमानेको क्रूर पाखण्डका उदाहरणहरू प्रसस्त पाइन्छन् । 'भगवान्ले सबै मान्छेहरूलाई समान बनाएको छ' भन्ने अमेरिकी क्रान्तिको युद्ध (वार अफ रेगुलेसन) का योद्धाहरू दासदासीहरू राख्थे र स्वास्नीमान्छेहरूलाई चुनावमा भोटसम्मको अधिकार दिंदैन थिए ।

१७८९ मा अमेरिकन संविधान बन्यो । ब्रसभन्दा अघि थोमस जेफरसनले मुख्य रूपले अमेरिकाको स्वतन्त्रताको घोषणा लेखे र उनी पछि अमेरिकाको उपराष्ट्रिपति र राष्ट्रपतिसमेत भए । तर स्वयं उनले दासदासीहरू राखेका थिए । 'भगवान्ले सबैलाई समान बनाएका छन्' भन्ने अमेरिकन गोरा लोग्नेमान्छेहरूको कुरा सुन्दा सारै राम्रो लाग्ने वाक्यांश सत्तरी(असी वर्षपछिसम्म पनि एउटा पाखण्डपूर्ण शब्दाडम्बर मात्र रहिरह्यो । अमेरिकाका अर्का विश्वप्रसिद्ध अमेरिकन राष्ट्रपति अब्राहम लिंकनले गृहयुद्ध लडेर दास प्रथाको अन्त्य गरे । तर पनि स्वास्नीमान्छेहरूले मतदानको राजनीतिक अधिकार पाएनन् । अमेरिकाको एउटा बायोमिङ्ग राज्यमा मात्र १८६९ मा महिलाहरूले भोट दिने अधिकार पाए ।

उता ब्रिटेनमा सयकडौं वर्षको प्रजातन्त्रपछि पनि महिलाहरूलाई भोट दिने राजनीतिक अधिकार थिएन । आजभन्दा बहत्तर वर्ष पहिले सन् १९२८ मा मात्र ब्रिटेनमा सबै बालिग महिलाहरूलाई भोट दिने अधिकार प्राप्त भयो । लिङ्गको आधारमा कुनै फरक गर्न नपाइने कानून (सेक्स डिस क्रिमेनेसन एक्ट) त झन् बल्लतल्ल सन् १९७५ मा ब्रिटेनमा पास भयो । यसलाई हेर्दा ब्रिटेनमा दुई सय वर्षभन्दा बढी समयदेखि महिलाहरूले लड्दै आएको पाइन्छ ।

आजभन्दा दुई सय आठ वर्षअघि सन् १७९२ मा छोरीहरूलाई पनि छोराहरूसरह शिक्षा दिनुपर्छ भन्ने बोलस्टोन काफ्टको पुस्तक प्रकाशित हुँदा ठूलो हलचल उत्पन्न भएको थियो । त्यसपछि बीसौं शताब्दीमा पनि इमेलाइन प्याङकहर्ष्टले आफ्ना दुईवटी छोरीहरू क्रिष्टोवेल र सिलभियाको सहयोगले महिलाहरूले भोट दिने अधिकार पाउनुपर्छ भनी आन्दोलन गरिन् । उनी जेल परिन्, अनसन गरिन् । भोट दिने साधारण राजनीतिक अधिकार त महिलाहरूले पुँजीवाद विकसित भएको देशहरूमा नलडी पाएनन् । त्यसैले सामन्ती संस्कार भएको र छोरीविरोधी धार्मिक रूढीवादग्रस्त देशमा सम्पत्तिमा समान अधिकार सजिलै प्राप्त हुँदैन । स्वास्नीमान्छेहरू वा छोरीहरूलाई पनि समान अधिकार र अवसर दिनु आवश्यक छ भन्ने कुराको विरोधमा कुनै विशेष कारण वा तर्क देखिँदैन ।

नेपालको जनगणनाहरूले देशमा लोग्नेमान्छेहरूभन्दा स्वास्नीमान्छेको संख्या बढी भएको देखाउँछ । मानव विकास र इतिहास हेर्दा स्वास्नीमान्छेहरूले ती सबै काम गरेका छन् र गर्न सक्छन्, जुन लोग्नेमान्छेहरूले गर्न सकेका छन् । जीवशास्त्रको अध्ययन गर्ने केही वैज्ञानिकहरू भन्छन्( प्राकृतिक रूपले हेर्दा स्वास्नीमान्छे लोग्नेमान्छेभन्दा बढी परिष्कृत छन् । हुन त एउटै मानव प्राणीको दुई अभिन्न र परस्पर पूरक प्राणीहरूबीच तुलना गर्नु त्यति आवश्यक पनि नभएको साथै गाह्रो कुरा पनि हो । तापनि हेर्दा स्वास्नीमान्छेहरू सन्तानको प्रजनन र प्रारम्भिक पालनपोषण गर्न जंगली अवस्थादेखि नै समर्थ देखिन्छन् । तर लोग्नेमान्छेहरूमा त्यो क्षमता प्राकृतिक रूपले हुँदैन । परिवारको प्रारम्भकर्ता पशुतुल्य मानवजीवन हुँदादेखि नै स्वास्नीमान्छेहरू हुन् ।

स्वास्नीमान्छेहरू स्वभाविक र प्राकृतिक रूपले नै सन्तानको सुरक्षा, स्याहार र पालनपोषण गर्छन । तर लोग्नेमान्छेहरूको निम्ति त्यो पछि विकासको क्रममा आर्जित गुणजस्तो देखिन्छ । मानव स्वास्नीमान्छेहरू मात्र होइन स्त्री जाति चौपाया र अरू चराचुरुङ्गीहरू पनि बच्चाहरूलाई सुरक्षा र स्याहार गर्छन् । एन्थ्रोपोलोजी (मानवको प्राकृतिक इतिहास) का केही अनुसन्धानकर्ता विद्वान्हरू भन्छन्( प्रारम्भिक कृषि (बीउ छर्ने र त्यसबाट उपज लिने) पनि स्वास्नीमान्छेहरूले नै शुरु गरेका हुन् ।

स्वास्नीमान्छेहरू सरदर वा औषत लोग्नेमान्छेहरूभन्दा शारीरिक रूपले साना, कम वजन र कम शारीरिक बल भएका हुन्छन् । तर सबै स्वास्नीमान्छेहरू सबै लोग्नेमान्छेहरूभन्दा साना र कमजोर हुँदैनन् । जंगली अवस्थाको शिकारी युगमा स्वास्नीमान्छेहरू पनि शिकार गर्थे । जंगली युगदेखि लिएर आजसम्म आवश्यकता पर्दा र अवसर पाउँदा लोग्नेमान्छेहरूले गर्ने सबै काम गर्न सक्छन् महिलाहरू । एउटा वैज्ञानिक डाक्टर, प्रोफेसर वा सुशिक्षित महिला एउटा अज्ञान लोग्नेमान्छेभन्दा तल्लो दर्जाको कसरी हुन सक्दछ ? आज कैयौं स्वास्नीमान्छेहरू कैयौं लोग्नेमान्छेहरूभन्दा उच्च तहमा छन् । तर प्राचीन कालदेखि नै यस्ता कैयौं अवसरहरूबाट स्वास्नीमान्छेलाई लोग्नेमान्छेले बर्जित राखेका थिए । लोग्नेमान्छेहरूले खासगरी स्वास्नीमान्छेलाई घरेलु कामको लागि आफ्नो अधीनमा आफ्नो निजी सम्पत्तिको रूपमा राख्दै आएका थिए । जस्तै( शिक्षा, सरकारी सेवा, राजनीति, युद्ध इत्यादि क्षेत्रहरूबाट हजारौं वर्षसम्म पनि महिलाहरूलाई पर राखियो । तर पुरानोभन्दा पुरानो इतिहास हेर्दा पनि स्वतन्त्रता, सुविधा, अवसर र मौका पाउँदा स्वास्नीमान्छेहरूले पुरुषसरह सबै काम गर्न सकेका उदाहरण जति पनि पाउन सकिन्छ ।

क्लियोपेट्राले इशाभन्दा पूर्व इजिप्टको राज्य चलाइन् । जोन अफ आर्कले इंग्ल्याण्डको विरुद्ध फ्रान्सको स्वतन्त्रता युद्धको नेतृत्व गरिन् । आज पनि उनी फ्रान्सको सर्वोच्च राष्ट्रिय विभूति मानिन्छिन् । युद्धको मैदान र मोर्चाहरूमा महिलालाई बर्जित गरिएको थियो । तर नालापानी र खलङ्गाको किल्लामा नेपाली महिलाहरूले पनि लडेको हाम्रै इतिहास छ । झाँसीकी रानीले पनि १८५७ को भारतीय स्वतन्त्रताको विद्रोहमा सेना संचालन गरेकी थिइन् । अहिले त अमेरिकाको एउटा युद्धपोत (वारशिप) को कमाण्डर नै क्याथलिन म्याकग्रेथ छन् । युद्ध त पुरुषहरूले मात्र सक्ने कुरा भनिदै आएकोमा अब युद्धको मैदान, युद्धपोत, युद्धवायुयान र युद्धको सर्वोच्च नेतृत्वसमेत स्वास्नीमान्छेहरूले लिइसकेका छन् । महिलाहरू अन्तरिक्षमा समेत पुगिसकेका छन् । अब त पुरुषहरूको एकाधिकार रक्षा गर्ने कुनै किल्ला बाँकी छैन जसको पर्खाल महिलाहरूले नतोडेको होस् । तेन्जिङ्ग शेर्पा विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पुगे भने पासाङ्ग ल्हामु शेर्पा पनि चढिन् । हिलारी र मेन्सरहरूले हिमालयको सर्वोच्चतामा पैताला राखे भने जुनको तावेई, सन्तोष यादव, बछिन्द्री पाल इत्यादिले पनि त्यसलाई आफ्नो पाउमुनि पारे ।

राजनीति र राज्य सिंहासनको त भन्नै कुरा नगरे पनि हुन्छ । गोल्डा मेयर, मार्गरेट थ्याचर, इन्दिरा गान्धी, चन्द्रिका कुमारातुङ्गा इत्यादि महिलाहरूले बीसौं शताब्दीमै पुरुषहरूसँग प्रतिद्वन्द्विता गर्दै देशको सर्वोच्च शासकहरू भएका थुप्रै उदाहरणहरू गन्ति गर्दा धेरै लामो सूची बन्छ । प्रजातन्त्रमा मात्र होइन, प्राचीन कालमा पनि देशको सर्वोच्च शासक पद र राज्य सिंहासनमा महिलाहरू बसेका छन् । आजभन्दा २ हजार वर्षअघि क्लियोपेट्रा (इजिप्ट), करिब १ हजार वर्षअघि, मार्गरेट (स्कटल्याण्ड) र त्यसपछि मार्गरेट अफ अनभ्रु मेरी प्रथम, द्वितीय, मेरी क्वीन अफ स्कर्टस, द्वितीय लेडी जेनग्री, एलिजावेथ (१५३३(१६०३), भिक्टोरिया (उन्नाइसौं शताब्दी) र अहिले पनि एलिजावेथ द्वितीया ब्रिटेनको मात्र होइन, अष्ट्रेलिया, क्यानडा, जमाइका, ग्रेनाडा वहामाज, एण्टिगुआ एण्ड बरबुडालगायत २५ वटा देशहरूको संवैधानिक राष्ट्राध्यक्ष महारानी छन् । युरोपका अन्य देशहरूमा पनि छोरीहरू राज्य सिंहासनका उत्तराधिकारी भएका छन् । इसावेला (स्पेन), मारिया थेरेसा (अष्ट्रिया हंगेरीका साम्राज्ञी), भिक्टोरिया स्वीडेन, लक्जेमबर्गमा पनि महिला ग्राग डर्चस् भएन, निदरल्याण्डमा त झन् बजै बिल हेलमिना, छोरी जुलियन र नातिनी विए ट्रिक्स लगातार तीन पुस्तादेखि महिलाहरू नै एकपछि अर्काको उत्तराधिकारी भएर राज्य सिंहासनमा बसे । पहिलेपहिले कुनै युरोपका देशहरू (स्पेन, स्वीडेन आदिमा) मा छोरी राजगद्दीमा बस्न नपाइने (अरब र नेपालको भैंm) सालिक कानून थियो । तर पौने दुई सय वर्षअगाडि स्पेन र बीस वर्ष पहिले सन् १९८० मा स्वीडेनमा राजाको छोरी उत्तराधिकारी हुन नपाउने कानून (क्वष्अि बिध) हटिसकेको छ । नेपालमा पनि छोरा नहुँदा छोरी सिंहासनमा बसेको उदाहरण छ । भक्तपुरको राज्य सिंहासनमा राजलदेवी र देवलदेवीको संरक्षणमा बसिन् । महिला राजा र महिला नै संरक्षक भएको भक्तपुरको उदारहण मात्र होइन, यक्ष मल्लले आफ्नो राज्य चार भाग लगाएका थिए । एउटी छोरीले पनि छोरासरह भाग पाएकी थिइन । आज एक्काइसौं शताब्दी लगिसक्यो, विश्व धेरैधेरै अगाडि बढिसक्यो । हाम्रोमा चाहिं रूढीवादी अन्ध(धार्मिक संस्कारहरू प्रगतिका ठूलो तगाराहरू बनेका छन् । हाम्रो मध्ययुगीन सामन्तवादी परम्पराहरू देशको विकास मार्गमा ठूला खाल्डाहरू भएर रहेका छन् । महिलाहरूको शोषण र उनीहरूमाथिका कैयौं धार्मिक, सामाजिक र मनोवैज्ञानिक भेदभावहरू, बन्धनहरू, जातिगत घृणा र दोषहरू छुवाछुत, राजनीतिक प्रतिबद्धताको अभाव, उच्चपदस्थ राजनीतिक भ्रष्टाचार र तलतलसम्म भ्रष्टाचारमा हिस्सेदार, घुस नभई वा घुस नखाई केही गर्न नसकिने वातवारण रहनु, शिक्षा र ज्ञानसीपको अभाव, पुँजीको अभाव, हेर्दै जाँदा र गन्दै जाँदा थुप्रैथुप्रै समस्याहरू छन् । हाम्रो देशको प्रगतिको लागि अत्यावश्यक र गर्न सकिने, अरू देशहरूले गत शताबदीमै गरिसकेका साधारण सुधारहरू र दुई थोपा मसी मात्रै प्रयोग गर्दा बन्ने कानूनहरू बनाउने सोच लुटी ल्याउँ, भुटी खाउँ सिवाय अर्को कुनै लक्ष्य नभएका राजनीतिका उपब्रुजुक नेताहरूमा छैन ।

भारतमा इन्दिरा गान्धीकै पालामा आजभन्दा ३० वर्षअघि १९७१ मा महिलाहरूलाई अनिच्छित गर्भ समापन गर्ने कानूनी अधिकार 'मेडिकल टर्मिनेन्सी अफ प्रिगनेन्सी एक्ट' बन्यो । चीनमा गर्भ समापनको अधिकार कानूनी मात्र होइन, सरकारद्वारा 'एक परिवार एक सन्तान' को नीति बीसौं वर्ष अगाडिदेखि प्रोत्साहित छ । छिमेकी भारत र चीनमा मात्र होइन, अमेरिका, रूस, जापान, श्रीलंका, युरोपलगायत संसारका अरबौं महिलाहरूलाई गर्भ समापनको अधिकार गत शताब्दीमै प्राप्त भइसकेको छ । तर नेपालका राजनीतिक स्वाँठहरू अझै त्यसको विपक्षमा तर्क(वितर्क गर्दैछन् । संसारका विकसितभन्दा विकसित र पछौटेभन्दा पछौटे देशहरूमा समेत रक्षा नभएको गर्भ त्याग्न पाउने कानून बनिसकेको छ । तर दरिद्रतामाथि जनसंख्या बढ्दै गएको नेपालमा भने गरिब एवं दरिद्र महिलाहरूलाई त्यो कानूनी अधिकार एक्काइसौं शताब्दी लागिसक्दासमेत छैन । नेपालका धेरै धनी महिलाहरूलाई भने गर्भ समापनको सस्तो बजार भारतमा उपलब्ध छ । नेपालमै पनि महँगो दरमा (कालो बजारमा) डाक्टरहरूले गर्भपतन गराउने धन्दा चलाएकै छन् । हाम्रो प्रचलित कानून मुलुकी ऐनले महिलाहरूलाई असमान व्यवहार मात्र गरेको छैन, घीनलाग्दो उत्पीडनसमेत गर्छ । मौका पर्नासाथ महिलाहरूलई पशुवत् व्यवहार गर्न पनि पछि पर्दैन । गर्भपतनको नाममा कैयौं पुरुषअपराधीलाई छोड्ने प्रहरीले महिलाहरूलाई मात्रै पक्राउ गर्दछ । संसारका दुईतिहाई महिलाले प्राप्त गरिसकेको कानूनी अधिकार प्राप्त भइसकेको अवस्थामा नेपालमा महिलाहरूले इच्छा नभएको गर्भ समापन गर्दा अझै उनीहरूले प्रहरीले कष्टडी र जेलजीवन बिताउनुपर्ने अवस्था छ । महिला अधिकारको पाखण्ड प्रलाप गर्ने राजनीतिक दलका नेताहरू 'मुखबाट माम हातबाट छुरा छाम' को नीति लिई बसेका छन् । त्यसैले अब पनि महिलाहरूलाई अधिकारबाट वञ्चित राख्नु अनुचित मात्र होइन, देशको लागि हानिकारक पनि छ । केही राजनीतिक नेताहरू भन्छन्( महिलाहरूलाई समान अधिकार दिंदा वा छोराछोरीलाई समान व्यवहार गर्दा वा महिलालाई गर्भ समापनको अधिकार दिंदा सामाजिक संरचना भत्किन्छ । सरासर यो तर्क गलत देखिन्छ ।

युरोप, अमेरिका, चीनलगायत संसारका कैयौं देशहरूमा छोरीलाई छोरासरह कानूनी हक छ । त्यति मात्र होइन, छिमेकी भारतको केही राज्यमा समेत सम्पत्तिमा छोरासरह छोरीको पनि हक स्थापित भएको छ । छोरीलाई छोरासरह हक नदिने बिहार र हक दिने बम्बैको सामाजिक संरचना कुन सप्रेको कुन बिग्रेको छ ? महिलाहरूलाई भोट दिन पाउने अधिकारबाट बञ्चित गराउने, शिक्षा प्राप्त गर्न नदिने तालिवानको, अफगानिस्तानको सामाजिक संरचना, राजनीतिक संस्कार राम्रो कि पुरुषलाई भैंm महिलालाई पनि भोट दिने पाउने, पढ्न पाउने अधिकार दिने नेपालको सामाजिक, राजनीतिक संरचना राम्रो ? वा अन्य विकसित र प्रजातान्त्रिक देशहरूको वातावरण राम्रो ? वास्तविकता यो हो कि छोरीहरू वा महिलाहरूले जति समान अधिकार पाउँछन् त्यति नै सामाजिक संरचना मात्रै होइन, राजनीतिक, आर्थिक संरचना पनि राम्रो भएर जान्छ ।

नेपाल अरू देशहरूभन्दा आर्थिक, सामाजिक, वैज्ञानिक, ज्ञानसीप आदि कारणले सयौं वर्ष पछाडि रहेको गरिब देशमा जनसंख्याको विकराल विष्फोटपछि पनि छोरीहरूलाई समान अधिकार, समान शिक्षा र समान व्यवहार नगर्नाले देशमा ठूलो नोक्सान भइसकेको छ । र, यो नोक्सानी दिन प्रतिदिन झन्झन् बढेर जानेछ । महिलाहरूलाई जति बढी समान अधिकार, समान व्यवहार दिन थालिनेछ, त्यति नै देशको हित बढी हुँदै जानेछ ।

**घर बनाउने हेडमिस्त्री**

लक्ष्मी घर्ती गंगा बी.सी./शारदा शर्मा

कुनै महिलाले पुरुषले गर्ने काम गरेको देख्दा अचम्म मान्ने संस्कार हामी माझ छ । कसैले गरिहाल्यो भने पनि सितिमिति पत्याइन्न । यस्तै सुन्दा नपत्याइने खालको काम लक्ष्मी घर्तीले गरेर देखाइदिएकी छिन् । आजभोलि उनी दाङ घोराही बजारमा घर बनाउने हेडमिस्त्री (मुख्य मिस्त्री) नामले चिनिन्छिन् । प्रायः घर बनाउने पुरुषहरू नै हेडमिस्त्री भएको जतातते देखिन्छ । तर लक्ष्मी घर्ती महिला भएर पनि हेडमिस्त्रीको रूपमा काम गरिरहेकी छिन् । घर बनाउनेजस्तो जोखिमपूर्ण र मेहनती काम पुरुषबाट मात्र हुन्छ भन्ने सोचाइलाई लक्ष्मीले चुनौती दिएकी छिन् ।

रोल्पा जिल्ला अङ्कोट घर भएकी ३२ वर्षीया लक्ष्मी घर्ती हाल दाङ त्रिभुवन नगरपालिका १० मा बस्दै आएकी छिन् । तीन वर्षअघिदेखि हेडमिस्त्रीको काम गर्दै आएकी लक्ष्मीलाई कुनै महिना फुर्सद हुँदैन । एउटा घर बनाइनसक्दै उनलाई अर्को ठाउँमा बोलाइन्छ । आफू डकर्मी (मिस्त्री) बन्नुको स्थिति बनाउँदै लक्ष्मी भन्छिन्( रोल्पामा बस्दा घरको काम गर्थे । दाउरा, घाँस, मेलापात जान्थें । उतिबेला आफू हेडमिस्त्री बनुँला भनी सोचेकी पनि थिइनँ । दाङ झरिसकेपछि घोराही बजारमा बसियो । दाउरा, घाँस गर्ने ठाउँ भएन । आयस्रोतको समस्याले च्याप्यो । सुरुसुरुमा थोरै ज्यालामा मिस्त्रीहरूले काम गर्न लैजान्थे । त्यसो गर्दा ज्यादै अप्ठ्यारो काम गर्नुपर्थ्यो । हेडमिस्त्रीले अरूलाई अह्राइअह्राई काम गरेको देख्दा आफू पनि हेडमिस्त्री हुन पाए हुन्थ्यो भन्ने लाग्थ्यो । त्यसपछि ध्यान दिएर मिस्त्रीसँग काम गर्न थालें ।

एकपटक एकजना मिस्त्रीसँग आफू घर बनाउने हेडमिस्त्री बन्छुभन्दा पुरुष मिस्त्रीले तितो वचन लगाएको सम्झिँदै लक्ष्मी भन्छिन्( म घर बनाउने मिस्त्री बन्छु भनेर एकपटक पुरुष मिस्त्रीसँग भनेकी थिएँ । त्यसबेला उसले यहाँ पोथी बासेको सुहाउँदैन, घर बनाउनेजस्तो अप्ठ्यारो काम महिलाले गर्न सक्दैनन् भनेर हप्काएका थिए । त्यसपछि मलाई ऊ जस्तै हेडमिस्त्री बन्ने ईख जाग्यो । हेडमिस्त्री बनेर देखाइदिएँ ।

लक्ष्मी घर्ती मिस्त्री बनेको देखेर पुरुषहरूले खिसी नगरेका पनि होइनन् । उनको अगाडि हाकाहाकी भन्न नसके पनि बाहिरबाहिर धेरैले ओठ लेप्र्याए । तर त्यसले उनलाई केही असर गरेन । खाने मुलाई जुँगाले छेक्दैन भने झैं लक्ष्मीलाई हेडमस्त्री बन्नबाट कसैले छेकेन । उनी भन्छिन्( काम गर्ने आँट भएपछि कसैले पनि छेक्दैन । जुनसुकै काम गर्दा अप्ठ्यारा आउँछन् । तर पहिलैदेखि लोग्नेमान्छेले गर्दै आएको काम स्वास्नीमान्छेले गर्न खोज्दा अप्ठ्यारहरू धेरै आउँछन् । मलाई पनि आए, ती अप्ठ्रासँग जुध्दै अघि बढें, केही सफलता पाएँ ।

हेडमिस्त्री भएदेखि लक्ष्मीले झण्डै ६० वटा घर बनाइसकेकी छिन् । उनले हेडमिस्त्री भएर नाम मात्र होइन दाम पनि कमाएकी छिन् । उनले काम गरेवापत दिनको १ सय ५० पाउँछिन् । आफ्नो कमाइबारे उनी भन्छिन्( मिस्त्री काम सिक्नुभन्दा पहिला दुःख पाइयो । बजारको बसाइ खर्च चलाउन धौधौ थियो । अहले ढुक्कसँग खर्च चलेको छ । त्यही खर्चले दुईवटा छोरा बोर्डिङमा पढ्दैछन् । प्रत्येक दिन काम गर्ने हो भने महिनाको ३ हजार रुपैयाँ चोखो आम्दानी हुन्छ । मलाई खर्च पुगेन ऋण देऊ भनेर हात पसार्नु परेको छैन ।

लक्ष्मी घर्तीका श्रीमान् लालबहादुर घर्ती मजदुरी गरी कमाउन विदेश बहराइन गएका छन् । उनले त्यहाँ महिनाको १८ हजार रुपैयाँ कमाउँछन् । लक्ष्मीको कमाइले घर खर्च सजिलै टर्छ, लालबहादुरको कमाइ चोखो बच्छ, लक्ष्मी आफनो काम र कमाइबाट सन्तुष्ट छिन् ।

केही वर्ष पहिलो आफूले नपढेकोमा उनलाई ठूलो चिन्ता थियो । मिस्त्री काम सिकिसकेपछि त्यो चिन्ता हरायो । पढेको भए जागिर पाउँथें कि पाउन्नथें । धेरै पढेका महिलाले काम पाएका छैनन् । सीप सिकेर काम नपाएर बस्नुपरेको छैन । गुजारा चलाउन अप्ठ्यारो परेको छैन( लक्ष्मी गर्वसाथ भन्छिन् । पढ्न स्कूल नटेके पनि उनी चिठीपत्र लेख्न र हिसाब गर्न सक्छिन् । फित्ता नाप्दा मिटर, फिट, इन्च छुट्याउन सक्छिन् ।

लक्ष्मीले घर बनाउने काम पढेर होइन परेर सिकेकी हुन् । उनी अगाडि भन्छिन्( काम गर्दै गएँ, काम पनि सिक्दै गएँ । अझसम्म एउटा पनि तालिम लिएकी छैन । तर तालिम लिन पाए सजिलो हुन्थ्यो कि भन्ने लाग्छ । मिस्त्री हुँदा केही अप्ठ्यारो पर्छ कि पर्दैन भनी प्रश्न गर्दा उनको उत्तर यस्तो छ( घरको पिलर उठाउँदा छतको सरिया फिटिङ गर्दा र छत ढलाइ गर्दा केही गाह्रो हुन्छ । शुरुमा अलि गाह्रो भयो । सिक्दै गएपछि सजिलो हुँदै गएको छ ।

लक्ष्मीले आफ्नी बहिनीलाई पनि मिस्त्रीको काम सिकाइसकेकी छिन् । अब एक वर्षपछि बहिनी भानमती पनि हेडमिस्त्री बन्छे( उनले भनिन्( अरू महिला पनि आफूसँग सिक्न आउँछन् भने सिकाउन तयार छु ।

महिलाहरू पुरुषभन्दा कमजोर हुन्छन् भन्ने कुरा लक्ष्मी पत्याउँदिनन् । आँट गरे उनीहरू पनि पुरुषसरह काम गर्न सक्छन् । तर दुःखको कुरा धेरै महिलाहरू आफ्नो कर्म र भाग्यलाई दोष दिदै आफू साना हौं भन्ने भावनाले गर्दा निकै पछि परेका छन् । उनी भन्छिन्( गरेपछि नहुने के छ र ? कामले पुरुष र महिला छुट्याउँदैन । बरु कामले सीप र आँट छुट्याउँछ । सीप र आँट हुने हो भने काम गर्न गाह्रो पर्दैन । महिला विकास शाखा दाङकी महिला अधिकृत माया शर्मा लक्ष्मी घर्तीलाई एउटा आँटिली र साहसिक महिला ठान्नुहुन्छ । उहाँको तर्क छ( धेरै महिला लक्ष्मीजस्तै मेहनती र परिश्रमी हुने हो भने महिलाको विकास र उन्नति हुन गाह्रो हुँदैन । लक्ष्मी हेडमिस्त्री भइन् भने अरू महिलाहरू जहाँ छन्, जे सक्छन् त्यही गर्नुपर्छ । सफलता नपाइने कुरै छैन ।

आजभन्दा ४ वर्ष पहिलो दाङकै कटुकी सेवारमा आकाशी चौधरीले खेता हलो जोतेको देख्दा सबै चकित गर्थे । ती चौधरीको लोग्ने खेतीपातीको बेला बिरामी परे । वर्षामा खेती नगरे वर्ष दिन के खाने भन्ने समस्या थियो । त्यसैले आकाशीले कसैसँग सहयोग नमागी ‘म पनि के कम छु र ? भन्ने हिम्मत लिएर आफै खेत जोतेर सिध्याइन् । यसरी महिलाले पनि जोत्न सक्दारहेछन् भनेर देखाइदिइन्(आकाशी चौधरीले । यस्तैगरी लक्ष्मीले दाङ घोराहीमा डमर्की काम गरेर महिलालाई उत्साहित

गराएकी छिन् ।
पुरुष मिस्त्री र महिला मिस्त्रीको दैनिक ज्यालामा केही फरक छ कि ? भनी सोद्धा लक्ष्मी भन्छिन्( हामीले पुरुषले भन्दा के काम कम गर्छौं र ? पुरुषको भन्दा २(४ रुपियाँ बढी नै छ । यसरी पुरुषको कामलाई भन्दा महिलाको परिश्रमलाई अवमूल्यन गरेर महिलाको परिश्रमीक ज्यालामा कमी दिने दंगाली सेठहरुलाई चेतावनी दिएकी छिन्( लक्ष्मीले ।
हाम्रो समाजमा महिलाले अप्ठ्यारो काम गर्न सक्दैनन् । उनीहरुले घरभित्रको काम मात्रै गर्नुपर्छ भन्ने व्यक्तिहरुको लागि लक्ष्मी राम्रो उदाहरण मात्र बनेकी छैनन्(महिलाहरुले आँटे भने जुनसुकै काम पनि सजिलैसँग गर्न सक्छन् भन्ने कुराको पुष्टी पनि गरिदिएकी छिन् ।

**सासू पढाउने थाले बुहारीहरू**

टंक खनाल

शुरुशुरुमा बुहारीले पढाउँदा जगट्याउन झम्टने सासू अहिले बुहारी अध्यक्ष भएको संस्थाकी सचिव छन् । उनी हप्तामा एकपटक बस्ने संस्थाको बैठकमा जाँदा ‘माइन्युट कापी’ आफै बोकेर जान्छिन् । उनी कार्यक्रम संचालन गर्छिन्, बुहारी सभापतित्व ग्रहण गर्छिन् ।
मोरङ जिल्लाको इटहरास्थित एउटा सामुदायिक संस्थाको यो यथार्थ हो । यस्ता घटना प्रायः विरलै सुन्न पाइन्छ । त्यसो त बुहारीहरूलाई पनि शुरुशुरुमा त आफ्ना सासूहरूलाई गुन्द्रीमा राखेर पढाउन ज्यादै कठिन परेको थियो । घर झगडा पनि बढ्ने, कसैकसैले त लोग्नेचाहिंको थप्पड पनि पाएका थिए ।
तर बुहारीहरूले पनि त्यसै छोडेनन् । उनीहरू समूहमा आबद्ध भइसकेका थिए । उनीहरूको तर्क थियो( छोराको बिहे गर्ने बेलामा धुइँपताल लगाएर पढेकै बुहारी खोज्ने अहिले हामीले नै पढेको कुरा सिकाउन लाग्दा किन अप्ठ्यारो मान्ने ?
आखिर बुहारीहरूले जितेरै छाडे । अहिले आएर त अत्यन्तै समन्वयात्मक ढंगले अघि बढिरहेको छ त्यो संस्था( गाउँ विकास कार्यक्रमका नेतृत्वकर्ता मुकुन्द अधिकारी बताउनुहुन्छ ।
देशका ३० जिल्लामा सरकारले स्थानीय स्वयत्त शासनअन्तर्गत गाउँ विकास कार्यक्रम संचालन गर्दै आएको छ । मोरङ जिल्लामा पनि १० वटा गाउँ विकास समितिमा लागू भएपछि ५ सय ५० भन्दा बढी बुहारीसँग पढ्न नमान्ने सासूहरूले समेत बुहारीबाट अक्षर चिन्ने भइसकेका छन् ।
‘बुहारी सासू पढाउने’ शीर्षकअन्तर्गतको एउटा छुट्टै कार्यक्रम नै छ । अन्य सीपमूलक एवं आयमूलक कार्यक्रममा सहभागी हुन पनि सासूहरूले पढ्ने भए । पढिसकेपछि पुरानो मानसिकता जुन बुहारीलाई दबाएर राख्नुपर्ने भन्ने थियो आफै हटेर गएको छ । भेदभाव र असमानता क्रमशः घट्दै गएको छ ।
मोरङकै गोविन्दपुरका होमबहादुर खड्काले आफ्नी आमाकै नेतृत्वमा १९ वर्षीया आफ्नी श्रीमती विष्णुकुमारी खड्कालाई असारको अन्तिम हप्ता मारेर झुण्ड्याए । प्रहरीमा विष्णुकुमारीका बाबुले दिएको जाहेरी किटानीमा सो कुरा उल्लेख छ । तराईका प्रायः जिल्लाहरूमा हिजोआज पनि दाइजोका कारण या छोरी जन्माएका कारणले धेरै बुहारी सासूको निर्देशन र अगुवाइमा मारिइरहेका छन् ।
पहाडी इलाकामा त सासूहरूले आफूले आफ्नो पालामा गरेको दुःख र कष्टको बदला बुहारीलाई पीडा दिएर लिने गरेका कैयौं उदाहरण पनि छन् ।
गाउँ विकास समिति जाँतेका ३ सय ५० निरक्षर महिलाले भर्खरै अक्षर चिनेका छन् । पहिला औंठा छाप लगाउनेहरू हिजोआज मख्ख परेर सही गर्न थालेका छन् । आफ्ना गाउँका पिछडिएका महिलाहरूले पहिलोपटक कलम समाएर खररर आफ्नो नाम लेखेर मुसुक्क लजाएको देख्दा त्यस गाउँका अध्यक्ष उपेन्द्र घिमिरेलाई औधी नै खुशी लाग्न थालेको छ ।
कन्काई माध्यमिक विद्यालयका शिक्षक ताराप्रसाद खनाल भन्नुहुन्छ( बुहारीले सासूलाई पढाउन थाले रे भनेर गाउँघरमा लौन त अचम्म हुनलाग्यो भनेर बूढापाकाहरू भन्ने गर्थे । कसैकसैले त प्रलय नै हुने भो पनि भने । कतिले त लौ अब प्रजातन्त्र नै हिंड्ने भो सम्म पनि भने । तर अब आएर त्यसो भन्नेहरूको मुखमा बुझो लागेको छ । कंचनजंघा सामुदायिक संस्था जाँतेका सदस्य सुनिता तिम्सिना पहाडी क्षेत्रका महिलाहरू घुम्टो खोलेर गफ गर्न र बोल्न सक्ने भएको बताउनुहुन्छ ।
हरैंचाका योगेन्द्र पौडेलले अरब गएर पैसा कमाउने निर्णय त्यागे । श्रीमतीले शान्ति समुदायिक संस्थामा आबद्ध भएर ऋण लिएर तरकारी खेती गर्न थालिन् । अहिले उनकी श्रीमती औधी खुशी छिन् । दुवैजना मिलेर ५०/६० हजार आम्दानी गर्छन् । सुखी शान्तिसँग उनीहरूको जीवन चलेको छ ।
शान्ति सामुदायिक संस्थासँग आबद्ध व्यक्तिहरूले बाटो ग्राभेल गरेरसमेत देखाइदिए । बाटो बनाउँदा अलिकति पैसा पुगेन, सबै सदस्यले ठेक्कामा धान काटेर पुऱ्याए । उक्त कामले गाउँमा विकासको नारा मात्र लिएर जनतासमक्ष पुग्नेहरूलाई लाजमर्दो नै बनाइदिएको छ । विकासको भाषण मात्रै गर्दै हिंड्नेहरूको उनीहरू हिजोआज विश्वास पनि गर्दैनन् ।
दिदीबहिनी सामुदायिक संस्थाकी गौरी खवास भन्छिन्( शुरुमा सबैले पोथी बासेको भन्ने आरोप लगाए । तर जब छोराछोरीसमेत मिलेर आमाहरूले समूह गठन गरी काम गर्न थाले त्यसपछि त धेरैको टाउकोदुखाइ नै बढ्यो । अब यो कलियुगमा के(के न हुने भयो पनि भने । अहिले त केटाकेटीको समूहले आमाबाबुलाई चुरोट(खैनी र जाँड(रक्सीको कुलतबाट झण्डै आधाजति त घटाइ पनि सके ।
मोरङका १० गाउँ विकास समितिका १३० महिला समूहका ५ हजारजति महिलाहरू समूह बनाएर आयआर्जन र क्षमता अभिवृद्धिसम्बन्धी काम गर्छन् । हप्तामा एकपटक आफूले बचाएको थैलीभरि पैसा लिएर जान्छन् र बैठक बस्छन्, त्यो पैसा बैठकमै लगानी गर्छन् अनि घर फर्कन्छन् ।

हिजोआज चौतारोमा साँझपख बूढाबूढीको यस्तो संवाद सुन्न थालिएको छ( महिलाहरूले गरेको काम त गजबै हुँदोरहेछ, कुनै विवाद पनि छैन, झगडा पनि छैन, खुरुखुरु काम गरेका छन् । साँच्चिकै विकास त महिलाहरू अगाडि बढे भने पो हुँदोरहेछ ।

**पाँचवटी छोरी भए पनि छोरा पाउने इच्छा अझै जीवितै छ**

जीवराम भण्डारी

सिन्धुपाल्चोक जिल्ला मेलम्चीमा जन्मिएकी कमला लामाको उमेर २४ वर्षको छ । १२ वर्षकै उमेरमा रामेछाप जिल्लामा रस्नालु गाविस वडा नं. ४ बस्ने जोगमान लामासँग उनको मागीविवाह सम्पन्न भयो । कमला जोगमान लामाभन्दा १२ वर्षले कम उमेरकी छिन् ।

१२ वर्षकी कमला र २४ वर्षको जोगमानबीचको विवाह भएको वर्ष दिनभित्रै कमलाको कोखबाट १ छोरीले जन्म लिइन् । अहिले कमला २४ वर्षकी भइन् । अहिलेसम्म उनका ५ छोरी भए तर उनमा छोरा पाउने आशा अझै टुटेको छैन । कमला भन्छिन्( १ दर्जन पुगे पुगून् तर छोरा नपाई म छाड्दिनँ । कमलाका पति जोगमानले काठमाडौंस्थित सिनामंगल कालिमाटी टोलमा किराना पसल खोलेका छन् । ५ छोरीको स्याहारसुसार र घरधन्दा सकिना साथ पसल कुर्नु नै यिनको दिनचर्या बनेको छ । पति जोगमान जर्मनहरूद्वारा संचालित एक गैरसरकारी संस्थानमा काम गर्छन् तर पनि उनलाई भने छोरा वा छोरी जन्मने कारक तत्व पत्नी होइन पति हो भन्ने कुरा थाहा छैन । यही कारण जोगमान आफ्नी विवाहित पत्नीलाई छोरा पाइनस् भने अर्की स्वास्नी ल्याउँछु भनेर धम्काउँछन् । त्यसो त छोरा पाउनुपर्छ भन्ने चाहना जोगमानको मात्रै होइन कमलाको पनि छ । छोराछोरी समान हुन् भनेको उनले नसुनेको भने होइन तर त्यसो भनिए तापनि उनको चित्त बुझ्दैन । अशिक्षित भएको कारणले हो कि के हो मलाई थाहा छैन तर मलाई छोरा चाहिन्छ( कमला अगाडि थप्छिन् । ५ छोरी सबैलाई कमलाले घरमै जन्म दिइन् ।

उनी काठमाडौंमै बस्छिन् तर उनलाई अस्पताल र औषधिको पत्तो छैन । हालसम्म पनि बिरामी नपरेको र औषधि नखाएको उनको अनुभव छ । छोराछोरी पाउनबाट रोक्ने साधन बजारमा उपलब्ध छ भन्ने कुराको ज्ञान पनि कमला आफूलाई नभएको बताउँछिन् ।

बाबुआमाकी एक्ली छोरी कमलाका दिदीबहिनी छैनन् तर भाइ भने २ जना छन् । उनलाई छोरी पनि अंशको हकदार हुन सक्छन् भन्ने थाहा छैन । पढ्न नपाएकोमा भने उनी निकै चिन्तित छिन् । सानै उमेरदेखि भाइ हेर्नुपरेकाले पढ्न नपाएको गुनासो गर्दै उनले बताइन्( अब त झन् छोरीहरूलाई हेर्नुपर्छ पढ्न जाने त कुरै भएन । फेरि बच्चाको आमा कता पढ्न जानु, लाजमर्दो कुरा । धेरै छोरीबेटी उमेर नपुग्दै स्वविवेकीय विवाहमा रमेको देखेर आफ्ना छोरी पनि कसैसँग भाग्ली भन्ने डरले १२ वर्षकै उमेरमा कमलालाई उनका मातापिताले विवाह गरिदिएका थिए । यो कलिलो उमेरदेखि नै कमलाले एक परिपक्व महिलाले झैं घरव्यवहार गर्नुपर्‍यो । महिनाको ४/५ पटक पतिको लात्ती हालसम्म पनि लगातार खानु परेको गुनासो उनले नहिच्किचाईकन बताइन् । धेरैजसो छोरा पाइनस् भनेर उनले कुटिनुपरेको छ । 'छोरामान्छे यस्तै हुँदारहेछन्' कमला भन्छिन् । उनका सासूससुरा र दुईजना देवरहरू पनि छन् तर सासूससुराको दबाब चैं कमलालाई छैन जति पतिको छ ।

देशमा बहुदल अएकोमा उनलाई राम्रो लागेको छ तर पनि उनले आफ्नो विवेकले कहिल्यै पनि कसैलाई पनि मत खसालेको याद छैन । उनी भन्छिन्( सबैले जहाँ खसालौं भन्छन् त्यहीं खसाल्छु, मेरा लागि सबै बराबर । कमलालाई प्रजातन्त्र आएयता धेरै मान्छे मरेको र महँगी बढेको भने राम्रो लागेको छैन । यतिविधि मान्छे पहिले मर्दैनथे । तर अहिले ज्यादा नै भयो । राजनीतिक पार्टी र यसको भूमिका असल(खराब पक्षबारे भने यिनलाई ठ्याम्मै ज्ञान छैन । राजधानीमा लामो समयदेखि पसल थापेर कसेकी कमला लामा त छोरीछोरी पाएको आरोपमा प्रताडित छिन् भने गाउँका महिलाहरूलाई अझ कस्तो होला ? बुझ्न सकिने कुरा हो । तसर्थ महिला हितमा कार्यरत संघ/संस्थाहरूले शहरी क्षेत्रमा मात्र सीमित नरहेर ग्रामीण क्षेत्रका महिला तथा पुरुषहरूलाई सचेत गर्नु जरुरी छ ।